# लोक सेवा आयोग

**(सूचना तथा प्रकाशन शाखा)**

**अनामनगर, काठमाडौं**

**पत्र संख्या :-** ०७३/७४
**चलानी नं :-**

---

**मिति : २०७४/१/५**

**विषय : निजामती सेवा पत्रिका २०७४ असार अंकको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।**

लोक सेवा आयोगले अर्धवार्षिक रुपमा प्रकाशन गर्ने निजामती सेवा पत्रिकाको २०७४ असार अंक शिघ्र प्रकाशन हुन गइरहेको हुँदा उक्त अंकमा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट यही २०७४ जेठ १० गतेभित्र लेख रचना आह्वान गरिन्छ । प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए Preeti फन्टको साइज १४ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन् :

(क) लेखको शुरुमा लेखको सार जनाउने सारांश
(ख) मुख्य लेख/विषयवस्तु
(ग) अन्त्यमा निष्कर्ष
(घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्री

लेख रचनाका साथ लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ । लेख रचनाहरु आयोगको इमेल ठेगाना info@psc.gov.np मा पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी आयोगको सूचना तथा प्रकाशन शाखाबाट लिन सकिने व्यहोरा समेत सूचित गरिएको छ ।

***पुनश्च :*** *उल्लेखित विवरण अनुसारको अंग पूरा नगरी आएका लेखहरु प्रकाशन गर्न सम्पादक मण्डल बाध्य हुने छैन । साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउनु हुन समेत अनुरोध छ ।*

**लोक सेवा आयोग**
**(सूचना तथा प्रकाशन शाखा)**
**केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं**